# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष १९ गते २०१७ साल

### नेपाल लोकसेवा आयोगको सूचना नं. ९१

निर्माण,संचार तथा नहर मन्त्रालय अन्तर्गत त्रिशूली टेलिफोन अफिसलाई एक जना अ. अपरेटर चाहिएको छ । प. १ नं. गोस्वारामा यस आयोगको पत्रपुगेको दिन मिति जनाई सो मितिले उम्मेदवारहरूलाई दरखास्त दिन कमसेकम १।। महीनाको अवधि दिई जिल्लाभर विस्तृत रूपले सार्वजनिक विज्ञापन गर्न सम्बन्धित गोस्वारालाई २०१७।८।१।४ मा लेखी गइसकेकोले इच्छुक योग्य उम्मेदवारहरूले आफूले पाएका प्रमाणपत्र सहित विज्ञापन बमोजिम तोकिएको म्याद भित्र सो गोस्वारामा पुग्ने गरी यस आयोगको दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी फी दस्तूर नगद ने. रू. १ सहित दरखास्त गर्नु-हुन यो सूचना प्रकाशित गरिएको छ । प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताको कार्यक्रम सम्बन्धित गोस्वाराबाट प्रकाशित हुनेछ । साधारणतया उम्मेदवारहरूलाई तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, म्याद नाघी दाखिल भएको तथा फी दस्तूर नभएको दर-खास्तउपर कुनै कारवाई हुने छैन । बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा दरखास्त दस्तूर सहित आफ्ना विभागीय प्रमुख (विभागीय प्रमुख टाढा भए अड्डा प्रमुखको) सिफारिश हुनु पर्छ । दरखास्त फारामको नमूना प्रत्येक हुलाक गढी, गौंडा, गोस्वाराहरूमा पनि पाइनेछ।

पदको विवरणः–

१. पदः असिष्टेन्ट अपरेटर स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः अंग्रेजीमा अष्टम श्रेणी पास ।



६९१ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. वांछनीययोग्यताः स्थायी उम्मेदवार थोर बहुत अपरेटरको काम गरिसकेको र एस. एल. सी. पास भएकालाई विशेष ग्राह्यता दिइनेछ।

४. मासिक तलवको स्केलः तलव ने. रू. ८०। देखिने. रू. १५०। सम्म।

५. उमेरः सरकारी नोकरीमा बहाल नभएका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनुपर्छ।

आज्ञाले–
खड्गमान मल्ल
सचिव
नेपाल लोकसेवा आयोग

## नेपाल लोकसेवा आयोगको सूचना

शिक्षा मन्त्रालय, स्वास्थ्य तथा स्थानीय स्वायत्त शासन मन्त्रालय र खाद्य कृषि तथा विकास मन्त्रालय अन्तर्गतका पाठशाला, औषधालय तथा डिस्पेन्सरीलाई निम्नलिखित पदहरू चाहिएकोले, यस आयोगको पत्र पुगेको दिन मिति जनाई सो मितिले उम्मेदवारहरूलाई दरखास्त दिन कमसेकम १।। महीनाको अवधि दिई जिल्लाभर बिस्तृत रूपले सार्वजनिक विज्ञापन गर्न सम्बन्धित गौंडा गोस्वारालाई मिति २०१७।८।२।५ मा लेखी गइसकेकोले इच्छुक योग्य उम्मेदवारहरूले आफूले पाएका प्रमाणपत्र सहित विज्ञापन बमोजिम तोकिएको म्याद भित्र सो गौंडा गोस्वारामा पुग्ने गरी यस आयोगको दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो बिवरण स्पष्ट भरी फी दस्तूर नगद ने. रू. १। सहित दरखास्त गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। अन्तर्वार्ताको कार्यक्रम सम्बन्धित गौंडा गोस्वाराबाट प्रकाशित हुनेछ। साधारणतया उम्मेदवारहरूलाई तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, म्याद नाघी दाखिल भएको तथा फी दस्तूर नभएको दरखास्त उपर कुनै कारवाई हुने छैन। बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा दरखास्त दस्तूर सहित आफ्ना विभागीय प्रमुख (विभागीय प्रमुख टाढा भए अड्डा प्रमुख) को सिफारिश हुनु पर्छ।

दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी गौंडा, गोस्वारामा पनि पाइने छ। सबै पदहरूको निमित्त सरकारी नोकरीमा बहाल नभएका उम्मेदवारहरूको उमेर १६ बर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्छ।

### सूचना नं. ९२

१. पद र स्थानः– कृषिमन्त्रालय अन्तर्गत भेटेनरी हस्पिटल मातहत प. ३ नं. भेटेनरी डिस्पेन्सरी पोखरालाई ड्रेशर पद १ स्थायी तथा पेन्सन पाइने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. आवश्यक न्यूनतम योग्यता:–आनिमल कन्ट्रोल गरी ड्रेशर गर्ने कार्यमा ज्ञान ।
३. वांछनीय योग्यता:– स्थानीय उम्मेदवार तथा औषधि शिरम स्याकनिक आदिको अनुभव भएकालाई ग्राह्यता दिइने छ।
४. मासिक तलवको स्केल:– तलव ने. रू. ६०। देखि १०५। सम्म ।
५. सम्बन्धित गोस्वारा:– प. ३ नं. गोस्वारा ।

## सूचना नं. ९३

१. पद र स्थान:– शिक्षा मन्त्रालय अन्तर्गत पू. ३ नं. लेति प्रारम्भिक पाठशालालाई प्रारम्भिक शिक्षक पद एक स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यनतम योग्यता:– पूर्व मध्यमा उत्तीर्ण ।
३. वांछनीय योग्यता:– स्थानीय उम्मेदवार, अंग्रजीमा मिडिलसम्म र नर्मलटेनिंग प्राप्त गरेकालाई ग्राह्यता दिइने छ ।
४. मासिक तलवको स्केल:– तलव ने. .६०। देखि १०५। सम्म ।
५. सम्बन्धित गोस्वारा:– पूर्व ३ नं. गोस्वारा।

## सूचना नं. ९४

१. पद र स्थान:– शिक्षा मन्त्रालय अन्तर्गत प. १ नं. धा. इ. नलाङ र नु. इ. सामरिटार प्रारम्भिक पाठशालालाई प्रारम्भिक शिक्षक पद २ (दुइ) स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यता:– अंग्रेजीमा मिडिलपास वा संस्कृतमा प्रथमा पास ।
३. वांछनीय योग्यता :–स्थानीय उम्मेदवारलाई ग्राह्यता दिइनेछ ।
४. मासिक तलवको स्केल :– तलव ने. रू. ६०। देखि ने. रू. १०५। सम्म ।
५. सम्बन्धित गोस्वारा:– प. १ नं. गोस्वारा। ।

## सूचना नं. ९५

१ पद र स्थान:– स्वास्थ्य सेवा (आयुर्वेदीय) विभाग अन्तर्गत साखजुंग आयुर्वेदीय औषधालयलाई उप वैद्य पद १ (एक) स्थायी तथा पेन्सन पाइने।
२. आवश्यक न्यूनतम योग्यता :– श्री ५ को सरकारबाट स्वीकृत आयुर्वेदीय विद्यालयमा पढी आयुर्वेद मध्यमा पास ।
३. वांछनीय योग्यता:–स्थानीय उम्मेदवार तथा सरकारी छात्रवृत्तिबाट पढी आयुर्वेदीय मध्यमा पास भएकालाई ग्राह्यता दिईनेछ ।
४. मासिक तलवको स्केल:– तलव ने. रू. ६०। देखि ने. रू. १०५। सम्म ।
५. सम्बन्धित गौंडा:– लाम गौंडा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना नं. ९६

१. पद र स्थान :– स्वास्थ्य सेवा आयुर्वेदीय विभाग अन्तर्गत सखुवा मोरां आयुर्वेदीय औषधालयलाई उपवैद्य पद १ (एक) स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता:– श्री ५ को सरकारबाट स्वीकृत आयुर्वेदीय विद्यालयमा पढी आयुर्वेद उपवैद्य वा सो सरह पास ।

३. वांछनीय योग्यता:– स्थानीय उम्मेदवार तथा सरकारी छात्रवृत्तिबाट पढी वा आयुर्वेदीय मध्यमा पास भएकालाई ग्राह्यता दिइने छ ।

४. मासिक तलबको स्केल:– तलब ने. रू. ६० देखि ने. रू. १०५ सम्म ।

५. सम्बन्धित गोस्वारा:– महोत्तरी सर्लाही गोस्वारा ।

आज्ञाले–
खड्गमान मल्ल
सचिव
नेपाल लोकसेवा आयोग

गोरखापत्र छापाखानामा मुद्रित

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।